कर्णाली प्रदेश सरकार

# आन्तरिक मामिला तथा कानून मन्त्रालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

# स्ववृद्धी कोष संचालनको लागी आवेदन दिने सम्वन्धी सूचना

( दोश्रो पटक प्रकाशित मिति २०७८/०९/२६ )

प्रदेश र स्थानीय तहको साझेदारीमा योगदानमा आधारित विपद् व्यवस्थापन स्ववृद्धि कोष स्थापना तथा सचालन गर्न इच्छुक स्थानीय तहलाई तपशिल बमोजिमको शर्तहरुको अधिनमा रही कोष संचालनको लागि मन्त्रालयबाट प्रति स्थानीय तह रु ३,००,०००।( अक्षरुपी तीन लाख मात्र ) रकम प्राप्त गरी सम्झौता गर्नका लागि मिति २०७८ माघ १५ गते भित्र यस मन्त्रालयमा आवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>शर्तहरु</u>

१ स्थानीय विपद् व्यवस्थापन कोषमा रहेको बैक खातामा स्ववृद्धिकोष बापत प्राप्त हुने रकम जम्मा गर्नुपर्ने,

२ मन्त्रालयबाट प्रदान हुने बिउ पूँजी रकम खर्च गर्न पाइने छैन,

३ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन,२०७४ ले उल्लेख गरेका विपद्का क्षेत्रमा मात्र बिउ पूँजीबाट प्राप्त व्याज रकम खर्च गर्नुपर्ने,

४ स्थानीय विपद् व्यवस्थापन कोष सन्चालन कार्यविधिका शर्त बमोजिम खर्च गर्नुपर्ने ,

५ नेपाल राष्ट्र बैकबाट मान्यता प्राप्त 'क' वर्गको बाणिज्य बैंकमा स्ववृद्धि कोषको रकम जम्मा गर्नुपर्ने ।

नोट: आवेदन यस मन्त्रालयको **moialkarnali@gmail.com** तथा मन्त्रालयको विपद् व्यवस्थापन शाखाको **moial.bipad@gmail.com** इ-मेल ठेगानामा पठाउन सकिनेछ ।

Scanned with CamScanner